# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०७।२९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला मालपोत कार्यालय धादिङका कर्मचारीहरु र अन्य व्यक्तिहरुले आपसी मिलेमतोमा जिल्ला धादिङ, साविक निलकण्ठ गा.वि.स. वडा नं ५ मा अवस्थित विभिन्न कित्ता नं का जग्गाहरुलाई किर्ते कित्ता नं कायम गरी जग्गा दर्ता गर्ने गराउने कार्य गरी भ्रष्टाचार गरेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, धादिङका तत्कालीन कार्यालय प्रमुख मालपोत अधिकृत शंकरप्रसाद भेटवाल, मालपोत अधिकृत कुशध्वज खत्री, शाखा अधिकृत रामकृष्ण खत्री, नायब सुब्बा नेत्रराज जोशी, नायव सुब्बा जयहादुर खड्का, नायव सुब्बा मुकुन्दराज पाण्डे, खरिदार राधाकृष्ण नेपाल तथा नापी कार्यालय, धादिङका तत्कालिन अमिन भीमप्रसाद श्रेष्ठ, सर्भेक्षक विश्वकुमार वस्नेत, सर्भेक्षक रविन्द्रनाथ ठाकुरले आपसी मिलेमतोमा कानूनबमोजिम नापी नक्सा नै नभएको क्षेत्रमा सरकारी सार्वजनिक जग्गासमेत घुसाई अवैधानिक नक्सा तयार गरी सोही नक्साका आधारमा छुट जग्गा दर्ता समितिबाट सिफारिस गरी गराई गैरकानूनी रुपमा दर्ता गर्ने गराउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (ज) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा उल्लिखित राष्ट्रसेवकहरुलाई ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै उक्त कार्यमा संलग्न जग्गाधनी भनिएका लिलाबहादुर श्रेष्ठ र प्रदीप अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजहरुलाई ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी